१५ असोज २०८१ बुलेटिन संख्या #१५६१

# मनसुन २०८१ का लागि दैनिक विपद् बुलेटिन- ११९

| घटना संख्या | मृत्यु संख्या | बेपत्ता संख्या | घाइते संख्या | अनुमानित क्षति (ने.रू.) | सडक अवरोध | चौपाया क्षति |
|---|---|---|---|---|---|---|
| ८३ | ४८ | ३ | २ | २,९८,३४,००० | ११ | १९ |

## हाइलाइटः

- पहिरोबाट ४३ जनाको मृत्यु, ३ जना वेपत्ता, १ जना घाईते।
- बाढीबाट ५ जनाको मृत्यु, आगलागीबाट १ जना घाईते।

## घटना सारांशः

| घटना | जिल्ला | घटना विवरण/संख्या | मृतक | बेपत्ता | घाईते | प्रतिकार्य |
|---|---|---|---|---|---|---|
| पहिरो | पाँचथर | फिदिम न.पा.-६ खोल्सापारी स्थित श्री काफलबोटे आधारभूत विधालयको कार्यालय भवन पहिरोले बगाई कागजात, कम्प्युटर, प्रिन्टर लगायत अन्य शैक्षिक सामाग्रीहरू सहित १ करोड ५० लाख रुपैंया बरावरको क्षति । | ० | ० | ० | प्रचौ नवमीडाडाको टोली खटिई गएको । |
| | पाँचथर | फाल्गुनन्द गा.पा.-६ जैबारी स्थित मेहेलबोटे खानेपानी आयोजना तथा सरसफाई उपभोक्ता समितिको खानेपानी मुहानमा पहिरो गई क्षति, २ वटा ट्याङ्की, ईन्टेक मेसिन बगाई ४६ लाख रुपैंया बराबरको क्षति । | ० | ० | ० | प्रचौ आङसाराङको टोली खटि गएको । |
| | तेह्रथुम | फेदाप गा.पा.-२ हाङश्रोङ स्थित एक घरको तलबाट पहिरो गई बरण्डा चर्किई जोखिममा । | ० | ० | ० | ४ जनाको परिवार नजिकै रहेको दलित आवासको भवनमा सरेको । |
| | तेह्रथुम | लालिगुराँस नपा-१ नेवाङ स्थित एक घर माथिबाट पहिरो झरी पुरिई क्षति । | ० | ० | ० | इप्रका बसन्तपुरको टोली खटी गएको । |
| | तेह्रथुम | लालीगुँरास नपा-५ स्थित दागपामा रहेको जाल्पादेवी आधारभूत विद्यालयको शौचालय छेउबाट पहिरो गई ९ लाख रुपैंया बराबरको क्षति । | ० | ० | ० | अप्रबिट चित्रेको टोली खटी गएको । |
| | तेह्रथुम | फेदाप गापा.-५ तालखर्का स्थित ६ रोपनी जग्गा पहिरोले बगाई एक घर जोखिममा । | ० | ० | ० | प्र.चौ.सम्दुको टोली खटि गएको । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | तेह्रथुम | आठराई गापा.-५ छातेढुङ्गा स्थित एक रोपनी जग्गा पहिरोले बगाई एक घर जोखिममा । | ० | ० | ० | प्र.चौ. छातेढुङ्गाको टोली खटि गएको । |
| | सोलुखुम्बु | महाकुलुङ गापा-१ देउराली स्थित बुङबाट सोताङ जोड्ने भित्री कच्ची सडक खण्ड भासिन गई ठूला सवारी साधन आवात जावत रोकिएको । | ० | ० | ० | प्रचौ बुङको टोली खटी गएको । |
| | भोजपुर | हतुवागढी गा.पा.-२ बडरे स्थित भोजपुर घोडेटार कच्ची सडक खण्डमा पहिरो गई बाटो पूर्णरुपमा अवरोध । | ० | ० | ० | इप्रका घोडेटारको टोली खटी गई खुलाउने पहल भईरहेको । |
| | भोजपुर | रामप्रसादराई गा.पा.-५ मोहोरिया स्थित भोजपुर घोडेटार कच्ची सडक खण्डमा माथिबाट पहिरो गई बाटो अवरोध । | ० | ० | ० | प्र.चौ.मानेभञ्ज्याङको टोली खटि खुलाउने पहल भईरहेको । |
| | ओखलढुङ्गा | मानेभञ्ज्याङ गा.पा.-९ बेल्टार स्थित मानेभञ्ज्याङ माधवपुर भित्री कच्चि सडक खण्ड भन्दा माथिबाट पहिरो आई रूख समेत ढली सडक अबरोध । | ० | ० | ० | प्र.चौ.मानेभञ्ज्याङको टोली खटि गई अबरोध हटाउन समन्वय भईरहेको । |
| | ओखलढुङ्गा | मानेभञ्ज्याङ गा.पा.-६ जयरामघाट स्थित मध्यपहाडी लोकमार्गमा माथिबाट पहिरो गई बाटो अवरोध । | ० | ० | ० | प्र.चौ.हर्कपुरको टोली खटी गई अवरोध खुलाउन समन्वय भईरहेको । |
| | ओखलढुङ्गा | सिद्धिचरण न.पा.-२ स्थित माथिबाट पहिरो गई चुहानछाप स्थित छरछरे भदौरे भित्री कच्ची सडक, शर्मा टोल स्थित निसंखे रुम्जाटार भित्री कच्ची सडक खण्ड अवरोध । | ० | ० | ० | प्र.चौ. निसंखेको टोली खटिई गएको । |
| | ओखलढुङ्गा | चम्पादेवी गा.पा.-१ स्थित पलापुबाट ताप्केडाँडा हुदै काठमाण्डौं तर्फ जाने भित्री सडक खण्डमा माथिबाट पहिरो गई बाटो अबरोध । | ० | ० | ० | प्र.चौ.पलापुको टोली खटि गई बाटो खुलाउन समन्वय भईरहेको । |
| | ओखलढुङ्गा | चिसंखुगढी गा.पा.-५ खानीगाउँ स्थित दुईवटा घर माथिबाट पहिरो गई घर जोखिममा । | ० | ० | ० | प्रचौ शेर्नाको टोली खटि गएको । |
| | मोरङ्ग | केराबारी गापा-२ स्थित एक घरमा अबिरल बर्षाको कारण माथिबाट ढिस्को झरि घर भत्किई ३० हजार रुपैंया बराबरको क्षति । | ० | ० | ० | २ जना बिस्थापित परिवारलाई ऐ.वडा अध्यक्षको घरमा राखिएको । |
| | उदयपुर | कटारी नपा.-१४ लेखानी स्थित अबिरल वर्षाका कारण माथिबाट पहिरो खसी ३ वटा घरको पर्खाल भत्किई क्षति, ४ जना विस्थापित । | ० | ० | ० | प्र.चौ.घुर्मीको टोली खटिई गएको । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | उदयपुर | अबिरल बर्षासंगै सप्तकोशी नदीमा आएको बाढी पसी बेलका नपा.-८ सिसौली स्थित बिजय कृषी फर्ममा रहेको पोखरीको माछा र ३ वटा पाडा, ७ वटा बिजुलीको पोल र ट्रान्सफर्मर समेत लडी एक घरमा पानी पसि अन्नपात, भाडाबर्तन, लत्ताकपडा समेत गरि २ लाख ५० हजार रुपैंया बराबरको क्षति । | ० | ० | ० | - |
| | मकवानपुर | इन्द्रसरोबर गा.पा.-३ रामचन्द्र भन्ज्याङ आसपास कुलेखानी सिस्नेरी काठमाण्डौ सडक खण्डमा पहिरो खसि बाटो पूर्णरुपमा अवरोध हुँदा निजी, भाडा र सरकारी गाडीहरु गरी अं.७०/८० वटा सवारी साधनहरु रोकिएको, यात्रीहरु कोही अलपत्र नरहेको । | ० | ० | ० | - |
| | काभ्रे | पनौती न.पा.-११ थुम्कि स्थित एक घर माथिबाट पहिरो आई २ वटा घर पुरिदा एकै घरका बाबुआमा र छोराछोरी गरी ४ जना र लड्केपौवाका एक पुरुष गरी ५ जनाको मृत्यु । | ५ | ० | ० | - |
| | काभ्रे | असोज १२ गतेको अविरल वर्षाको कारण मण्डनदेउपुर न.पा.- ११ भाटपोल स्थित माथिबाट पहिरो आई दुई वटा घर पुरिदा चार जना मानिसहरु वेपत्ता भएकोमा प्र.चौ.हिगुवापाटीको टोली खटि गई स्थानीयको सहयोगमा खो.त.गर्दा २ जना महिला र २ जना बालबालिका गरी ४ जनाको मृत अवस्थामा फेला । | ४ | ० | ० | - |
| | काभ्रे | बेथानचोक गा.पा.-४ चलाल गणेशथान स्थित रोडाढुङगा उद्योग प्रा.लि.मा पहिरोमा पुरि बेपत्ता भएका २ जना कामदार मृत अवस्थामा लास फेला परेको । | २ | ० | ० | प्र.चौ. खोपासिको टोली खटी गई लाश आफन्तलाई जिम्मा लगाईएको । |
| | काभ्रे | पनौती न.पा.-२ तोरीखुरीया स्थित एक घर माथिबाट पहिरो आएर घर पुरिदा २ जना महिलाको मृत्यु । | २ | ० | ० | - |
| | काभ्रे | बेथानचोक गा.पा.-४ पाटिखर्क बस्ने वर्ष २५ का एक पुरुष आफ्नै घर माथिबाट पहिरो आई पहिरोले पुरि मृत्यु । | १ | ० | ० | प्र.चौ. खोपासीबाको टोली खटी गएको । |
| | काभ्रे | रोशी गा.पा.-९ रजवास बस्ने वर्ष ६१ की एक महिला आफ्नै घर माथिबाट पहिरो आई पहिरोले पुरी बेपत्ता भएकोमा लाश फेला परेको । | १ | ० | ० | इ.प्र.का.मंगलटारको टोली खटि गएको । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | काभ्रे | बेथानचोक गा.पा.-४ चलालगणेश थान बस्ने एक महिला घरबाट सुरक्षित ठाउँमा जाने क्रममा माथिबाट पहिरो आई पहिरोमा परी मृत्यु । | १ | ० | ० | - |
| | काभ्रे | भुम्लु गा.पा.-८ सिदरेचौर स्थित एक घर माथिबाट पहिरो आई एक महिला घाईते भएकोमा उपचारको क्रममा मृत्यु । | १ | ० | ० | - |
| | काभ्रे | रोशी गा.पा.-१० वाल्टिङ बस्ने वर्ष ३४ की एक महिला आफ्नै घर माथिबाट आएको पहिरोले पुरी बेपत्ता भएकोमा लाश फेला परेको । | १ | ० | ० | - |
| | काभ्रे | बेथानचोक गा.पा.-४ सल्ला फेदीमुल खोला स्थित एक घर माथिबाट पहिरो आई पहिरोले पुरिई १ जना पुरुषको मृत्यु । | १ | ० | ० | प्र.चौ.खोपासिको टोली खटिई गएको । |
| | काभ्रे | मण्डनदेउपुर न.पा.-१२ ज्यामदी बस्ने वर्ष ५७ का एक पुरुष डेरीमा दुध पुर्याई घर फर्कने क्रममा ऐ.भतेरे स्थित माथिबाट पहिरो आई पुरि बेपत्ता भएकोमा मृत अवस्थामा फेला परेको । | १ | ० | ० | प्र.चौ. हिगुवापाटीको टोली खटिई गएको । |
| | ललितपुर | महाङ्काल गापा-२ गोटीखेल ठोस्ने स्थित पहिरो आई एक घर पुरिदा एउटै घरका ४ जनाको मृत्यु, ३ जना वेपत्ता। | ४ | ३ | ० | ई.प्र.का.कोन्ज्यसोमको टोली खटी गई लास जाँच मुचुल्का पश्चात आफन्तको जिम्मा लगाएको । |
| | ललितपुर | महाङ्काल गापा-२ मानिखेल लक्ष्यबास बस्ने वर्ष ९ का एक बालक अबिरल बर्षातका कारण घर भत्किई पुरी मृत्यु । | १ | ० | ० | ई.प्र.का. कोन्जोसोमको टोली खटि गएको । |
| | ललितपुर | महांकाल गापा-२ ठोस्ने खोला स्थित एक घर पहिरोले पुरिई पसलका सामानहरु सहित १० लाख रुपैंया बराबरको क्षति, एक महिला घाइते । | ० | ० | १ | घाईतेको स्थानीय हेल्पपोष्ट चौघरेमा उपचार भइरहेको । |
| | धादिङ्ग | चितवनबाट काठमाण्डौ तर्फ जाँदै गरेको अनुमान बा २ ख १३४५ नं.को हाइसमा चालक सहित ४ महिला र १२ पुरुष गरी जम्मा १६ जनाको लास पो.मा.को लागि टिचिङ अस्पताल पठाईएकोमा १३ जनाको सनाखत भएको छ । | १३ | ० | ० | - |
| | धादिङ्ग | धार्चे गा.पा.-७ लापुबेशीबाट काठमाण्डौको लागि छुटेको दरौदी यातायतको ना ४ ख २२७० न. को बस असोज ११ गतेको झ्याप्ले खोलाको पहिरोमा परी बसमा सवार ५ जना पुरुष यात्रुको लास फेला । | ५ | ० | ० | - |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | धादिङ्ग | गजुरी गा.पा.-२ परेवा भिर स्थित पृथ्वी लोगमार्गमा माथिबाट सुख्खा पहिरो खस्न जादा बाटो अवरोध । | ० | ० | ० | प्र.चौ मलेखुको ट्राफिक सहितको टोली खटि गई एक तर्फि सुचारु । |
| | रसुवा | कालिका गा.पा.-३ धारापानी स्थित एक घर र शौचालयको बीच भागमा जमिन चर्किई जोखिममा । | ० | ० | ० | इ.प्र.का.कालिकास्थानको टोली खटि गएको । |
| | रसुवा | आमाछोदिङ्मो गा.पा.-४ याङफेल चो भन्ने स्थानमा स्याफ्रुबेशी थाम्बुचेत कच्ची सडक खण्डमा सान्जेन खोला र गत्लाङ खोलाले ग्याबिङ तार बगाई सडक पूर्णरुपमा अवरुद्ध । | ० | ० | ० | प्र.चौ.थाम्बुचेतको टोली खटी गएको । |
| | रसुवा | गोसाईकुण्ड गा.पा.-१ थुमन स्थित माथि र तलबाट पहिरो आई १ वटा घर भत्किई २ वटा घर जोखिममा, लताकपडा, फर्निचर समेत क्षति । | ० | ० | ० | प्र.स.निको टोली खटी गएको । |
| | रसुवा | कालिका गा.पा.-२ कालिकास्थान स्थित एक घर पछाडिको पर्खाल भासिई भत्किई जोखिममा । | ० | ० | ० | इ.प्र.का.कालिकास्थानको टोली खटि गएको । |
| | रसुवा | आमोछोदिङमो गा.पा.-१ हाकुबेशी स्थित श्री हाकुबेशी आधारभूत बिद्यालयको भवन नजिकबाट जमिन भासिई जोखिममा । | ० | ० | ० | प्रचौ हाकुको टोली खटि गएको । |
| | तनहुँ | बन्दीपुर गा.पा.-४ बिमलनगर स्थित पृथ्वी राजमार्गमा १२ गते ढुङ्गा सहितको पहिरो आएको र ढुङ्गालाई ब्रेकरले फोरी हटाउनु पर्ने भएकोले पृथ्वी राजमार्ग दुई तर्फी अवरोध । | ० | ० | ० | - |
| | नवलपरासी पूर्व | मध्यबिन्दु न.पा.-७ चोरमाराको उकालो पूर्व पश्चिम राजमार्गमा भएको हिलोमा सवारी साधन फसी दुई तर्फी नै सडक अवरोध । | ० | ० | ० | क्रेन र जे.सि.बी.को माध्यमबाट सवारीहरु तान्ने प्रयास भईरहेको, सानो सवारी तथा यात्रुवाहक बसहरुलाई बैकल्पिक भित्री सडक मार्फत गन्तव्य तर्फ पठाईएको । |
| | पाल्पा | रैनादेबी छहरा गा.पा.- ८ क्युरेछेडा स्थित सालझण्डी अर्घाखाँची ढोरपाटन सडक खण्डमा मुनिबाट पानी निस्किई सडकको तल्लो भाग भासिई जोखिममा । | ० | ० | ० | अ.प्र.पोष्ट बेलबासको टोली खटिई गएको । |
| | रुकुम पूर्व | सिस्ने गा.पा.-६ रानीकोट स्थित मध्य पहाडी लोकमार्गमा माथिबाट लेदो माटो, ढुङ्गा सहित खसेको पहिरोले सडक पूर्णरुपमा अबरोध । | ० | ० | ० | अप्रपोष्ट खोपिचारको टोली खटि JCB द्धारा पहिरो हटाई बाटो सुचारू । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **बाढी** | पाँचथर | तुम्बेवा गा.पा.-१ सावाखोला स्थित क्षमादेवी कन्ट्रेक्सन सोलुसन प्रा.लि बगाई क्षति, क्षतिको विवरण आउन बाँकि । | ० | ० | ० | अप्रचौ नावाखोलाको टोली खटि गएको । |
| | सोलुखुम्बु | थुलुङदुधकोशी गा.पा.-२ स्थित सोलु खोलामा आएको बाढीले निर्माणाधिन ८६ मेघा हाईड्रोपावरको ड्याम साईडमा रहेको निर्माण सामाग्रीहरु बगाई क्षति । | ० | ० | ० | अ.प्र.चौ.रमितेको टोली खटी गएको । |
| | ओखलढुङ्गा | सिद्धिचरण न.पा.-९ र मोलुङ गा.पा.-१ को सिमानामा रहेको लिपे खोलाको बिचमा वर्ष ५० की एक महिला मृत अवस्थामा फेला परेको । | १ | ० | ० | - |
| | ओखलढुङ्गा | खिजिदेम्बा गा.पा.-८ स्थित भुसिङगा खोलामा आएको बाढीले भुसिङगा खोला लघु जलबिद्युत आयोजनाको पाईप बगाई क्षति । | ० | ० | ० | प्र.चौ.रावादोलुको टोली खटि गएको । |
| | ओखलढुङ्गा | सुनकोशी गा.पा. अन्तर्गत सुनकोशी नदीमा आएको बाढीले एक घर बगाई २२ वटा घर मुनिबाट पहिरो गई घर जोखिममा, ९८ जना विस्थापित, बिभिन्न मानिसहरुका गरी २२० रोपनीमा लगाएको धान खेतीमा बाढी पसि पूर्णरुपमा क्षति । | ० | ० | ० | - |
| | खोटाङ्ग | हलेसी तुवाचुङ न.पा.-११ राजापानी स्थित साप्सुखोलामा आएको बाढीका कारण थ्री-स्टार हाईड्रोपावरको कम्पाउन्डमा पानी छिरी पावरहाउस डुबानमा, ड्याममा माथिबाट पहिरो झरी पुरी पाईप सपोट गर्ने पिल्लर ४।५ वटा समेत क्षति । | ० | ० | ० | अ.प्र.पो. राजापानीको टोली खटि गएको । |
| | भोजपुर | अरुण गा.पा.-५ माङसुवा स्थित एक घर माथिबाट पहिरो गई घरको पर्खाल लड्ने जोखिममा । | ० | ० | ० | प्रचौ याकुबिर्ताको टोली खटि गएको। |
| | भोजपुर | आमचोक गा.पा.-१० सेतो गरगरे स्थित खेतीका लागि अस्थायी रुपमा बसोबास गर्न बनाइएको ९ वटा घर, १ वटा गोठ, ३ वटा बङ्गुरको खोर बगाई २ वटा घर जोखिममा, ३९२ रोपनी जग्गामा लगाएको धानबाली र कोदो दुधकोशी नदीमा आएको बाढीले बगाई क्षति । | ० | ० | ० | इ.प्र.का.बालंखाको टोली खटी गएको । |
| | भोजपुर | आमचोक गा.पा.-८ पार्कवा स्थित १४ रोपनी जग्गामा लगाएको धानबाली दुधकोशी नदीमा आएको बाढीले बगाई क्षति। | ० | ० | ० | अ.प्र.चौ. दुम्मानाको टोली खटी गएको । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | झापा | शिवसताक्षी नपा.-१० बिहानी टोल स्थित कन्काई माईखोलाले कटान गर्दा अन्दाजी ३०/४० घर जोखिममा । | ० | ० | ० | २००० थान प्लास्टिकको बोरा, तारजाली ३० थान, नेट जाली ३० थान प्रयोग गरी बालुवा, गिटी ढुङ्गाको प्रयोग गरी रोकथामको लागि ड्रेन लगाउने तथा बाँध बाध्ने कार्य सुरु । |
| | मोरङ्ग | कानेपोखरी गा.पा.-४ खोरीया स्थित डाँस खोलाले बगाई वर्ष ७५ का एक पुरुषको मृत्यु । | १ | ० | ० | अ.प्र.चौ.रमाईलोको टोली खटिई गएको । |
| | उदयपुर | त्रियुगा न.पा.-१४ धापलाङ र खोटाङ बराहपोखरी गा.पा.-२ जोड्ने झोलुङ्गे पुल मुनि रहेको १ वटा लट्ठा बाढीले चुडाई फोक्सिङटारबाट लिच्कि रामचे जोड्ने पक्की पुल समेत बगाई क्षति । | ० | ० | ० | - |
| | उदयपुर | सुनकोशी नदीमा आएको बाढीले त्रियुगा न.पा.-१४ घिलिङ स्थित २ वटा घर बगाई धापलङका ३ वटा घरमा पानी पसी, बाजगरा, सिम्ले, घिर्लिङका २८। २९ घरमा बाढीले बालुवा थुपारी सामान्य क्षति, एक झोलुङ्गे पुलको जाली समेत बगाई ७ लाख रुपैंया बराबरको क्षति । | ० | ० | ० | - |
| | सर्लाही | बलरा न.पा.-३ लक्ष्मीपुर बस्ने वर्ष १२ का एक बालक आफ्नै घरबाट भारतको बसबिट्टा बजार गएकोमा घर फर्किने क्रममा जमेको पानीमा डुबी मृत अवस्थामा फेला । | १ | ० | ० | इ.प्र.का.बलरा र इ.प्र.का.गडहियाको टोली खटी गएको । |
| | सर्लाही | रामनगर गा.पा.-३ स्थित खैर्वाबाट धपटोल जाने भित्री सडक खण्डमा रहेको पक्की पुल अबिरल बर्षा र मनुसमारा खोलामा आएको बाढीले बगाई क्षति । | ० | ० | ० | प्र.चौ.खैर्वाको टोली खटि गएको । |
| | मकवानपुर | बागमती गा.पा.-५ टाके स्थित बागमती खोलामा आएको बाढीले ५ वटा गोठ, २ वटा भैंसी र २ वटा पाडा/पाडी बगाई क्षति | ० | ० | ० | प्र.चौ.भोर्लेनीको टोली खटि गएको । |
| | काठमाडौं | काठमाण्डौ मनपा-३२ कोटेश्वर प्रहरी विट झोलुङ्गे पुल तथा प्रहरी चौकी नरेफाँटमा बाढी पसी सोफा सेट, टेबल कुर्सी, खाँट, कुकर, जार, तथा हाईट्रावान सेट व्याट्री क्षति | ० | ० | ० | - |
| | रसुवा | कालिका गा.पा.-१ गुमचेत स्थित विभिन्न व्यक्तिका गरी करिव १० रोपनी जग्गामा त्रिशुली नदीको बाढी पसी खेतहरु कटान भई क्षति । | ० | ० | ० | अ.प्र.पोष्ट मैलुङको टोली खटि गएको । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | रसुवा | आमाछोदिङ्मो गा.पा.-४ गोल्जुङवेशी स्थित स्याफ्रुबेशी रुङ्गा थाम्बुचेत भित्री सडक खण्डमा सान्जेन खोलार गत्लाङ खोलाले ह्युम पाईप र कंक्रिट हाली ढलाई दुवै पट्टि कटान गरी बाटो पूर्णरुपमा अवरुद्ध । | ० | ० | ० | प्रचौ थाम्बुचेतको टोली खटी गएको । |
| | रुपन्देही | भे१च २६७६ नं. को पिकअप गाडी मर्चवार एरियाबाट दुध संकलन गरी भैरहवा, मणिग्राम डेरीको लागि हिडेकोमा सम्पर्कमा नआएका कारण खो.त.को लागि जि.प्र.का., शसस्त्र र आर्मीको समेत टोली खटिई गई खो.त. गर्ने क्रममा सिद्धार्थनगर न.पा.-१० र मायादेवी गा.पा.-७ को बिचमा रहेको घागरा खोलामा भेटी क्रेनको माध्यमबाट गाडी निकालिएको, पुन खोजी गर्ने क्रममा चालक र सहचालक दुवै मृत अवस्थामा फेला । | २ | ० | ० | - |
| **अबिरल वर्षा** | तेह्रथुम | छथर गापा-६ छिपुवा स्थित अबिरल वर्षाका कारण सिंह बाहिनी आधारभूत विद्यालयको दुईवटा कोठा भासिई देवालहरु चर्किई ५ लाख रुपैंया बराबरको क्षति । | ० | ० | ० | अप्रपोष्ट ओखेको टोली खटिई गएको । |
| | सोलुखुम्बु | सोलु दुधकुण्ड न.पा.-११ तिङनासा स्थित पहिरो गई ४ वटा घर जोखिममा । | ० | ० | ० | अप्रचौ रमितेको टोली खटि गएको । |
| | सोलुखुम्बु | सोलु खोलामा आएको बाढीले सोलु दुधकुण्ड न.पा.-११ स्थित ८२ हाइड्रोपावरको पावर हाउस अगाडी लगाएको ग्याप वाल, क्याबिन वाल र फायर टयाङको पाइप क्षति । | ० | ० | ० | अप्रचौ रमितेको टोली खटि गएको । |
| | सोलुखुम्बु | सोलु दुधकुण्ड न.पा.-११ मुडे स्थित एक घर माथिबाट पहिरो आई घर पूर्णरुपमा क्षति, ४ जनाको परिवार भाईको घरमा बस्दै आएको । | ० | ० | ० | अप्रचौ रमितेको टोली खटि गएको । |
| | सोलुखुम्बु | सोलु दुधकुण्ड न.पा.-११ तिङला स्थित श्री सिंह कालि मा.बि.को भवन मुनिबाट पहिरो गई भवन जोखिममा । | ० | ० | ० | अप्रचौ रमितेको टोली खटि गएको । |
| | ओखलढुङ्गा | चिसंखुगढी गा.पा.-४ रातमाटे स्थित एक घर मुनिबाट पहिरो गई आंशिक रुपमा लडि क्षति । | ० | ० | ० | प्र.चौ. शेर्नाको टोली खटि गएको । |
| | ओखलढुङ्गा | सिद्धिचरण न.पा.-२ ठुलाछाप स्थित एक घर माथिबाट पहिरो आई मतान सहित घर जोखिममा । | ० | ० | ० | प्र.चौ. निसंखेको टोली खटि गएको । |
| | ओखलढुङ्गा | सुनकोशी गा.पा.-३ सिस्नेरी स्थित हर्कुपर सिस्नेरी भित्री कच्ची सडक खण्डको बिभिन्न ४ ठाउँमा पहिरो गई बाटो अबरोध । | ० | ० | ० | - |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | धनकुटा | पाखिबास नगरपालिका अन्तर्गत बिभिन्न एरियामा १२ गते परेको अबिरल बर्षाको कारण गएको पहिरोमा परी राँगो-२, खसी-४, बाख्रा-६, पाठापाठी-४,गोरु-१, गाई-१ को मृत्यु । | ० | ० | ० | - |
| | ईलाम | माई न.पा.-१ धोबरे स्थित दुहवी, इलाम, पाँचथर हुदै ताप्लेजुङसम्म प्रसारण हुने विद्युत लाईनको २ वटा हाईटेन्शनको पोल वर्षाको कारण लडी पूर्णरुपमा क्षति । | ० | ० | ० | प्र.चौ.महमाईको टोली र विद्युतको प्राविधिक टोली खटि गई बुझ्ने कार्य भइरहेको । |
| | ईलाम | सन्दकपुर गा.पा.-५ कैयाँकटा स्थित हर्बल नेष्ट होम स्टेमा जेनेरेटरको लाईन सर्ट भई आगलागी हुँदा भाडावर्तन, लत्ताकपडा, अन्नपात जलि ३० लाख रुपैंया बराबरको क्षति । | ० | ० | ० | प्र.चौ. जौबारीको टोली र स्थानीयको सहयोगमा आगो नियन्त्रण । |
| | महोत्तरी | सोनमा गा.पा.-४ गुलरिया स्थित एक घर अबिरल बर्षाको कारण पूर्णरुपमा भत्किइ २ लाख रुपैया बराबरको क्षति । | ० | ० | ० | ई.प्र.का.खैरवनीको टोली खटि गएको । |
| | नवलपरासी | बर्दघाट न.पा.-४ दाउन्ने जंगलमा रहेको खुर्सानीखोला स्थित पुर्व पश्चिम राजमार्गमा अबिरल बर्षादको कारण सडक किनारामा रहेको रिर्टनिङ वाल चर्किई हाईटेन्सन लाईनको पोल जोखिममा । | ० | ० | ० | सडक डिभिजन र बिद्युत प्राधिकरणको कर्मचारी समेतको टोलीले अनुगमन गर्दा सडक भासिएको हुँदा तत्काल मर्मतको लागि माटो भर्ने कार्य सुरु । |
| | रुपन्देही | मर्चवारी गा.पा.-२ मुकुदगढ स्थित अबिरल बर्षाका कारण एक घरको एकातर्फिको भित्ता भत्किई ५० हजार रुपैंया बराबरको क्षति । | ० | ० | ० | प्र.चौ. सुमेरुगढको टोली खटि गएको । |
| **चट्याङ** | रोल्पा | त्रिवेणी गापा.-५ हान्जाङ स्थित श्री सिद्धरत्न मा.बि.को भवनमा चट्याङ पर्न गई बिद्युतीय सामानहरु जली २ लाख ५४ हजार रुपैंया बराबरको क्षति । | ० | ० | ० | प्र.चौ.जुगारको टोली खटि गएको । |
| **आगलागी** | काठमाडौं | बुढानिलकण्ठ न.पा.-८ कपन बस्ने वर्ष ४९ की एक महिला आफ्नै घरमा ग्यास चुल्होमा खाना पकाउने क्रममा अचानक आगलागी भई जलि घाइते । | ० | ० | १ | घाईतेलाई थप उपचारको लागि कीर्तिपुर अस्पताल लगिएको । |
| | कास्की | पोखरा म.न.पा.-२४ कास्कीकोट भट्टेपाटा स्थित शिखा पशुपंछी तथा कृषी फर्ममा अचानक बिजुली सर्ट भई आगलागी हुँदा १००० चल्ला, ६ बोरा दाना र भाडाबर्तनहरु जली १ लाख ८० हजार रुपैया बराबरको क्षति । | ० | ० | ० | प्र.चौ.साराङकोटको टोली खटि गएको । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | रुपन्देही | बुटवल उ.म.न.पा.-१२ दुर्गानगर पुल स्थित लु.२.ख.६८३० नं.को बसमा अचानक आगलागी हुँदा ईन्जिन, स्टेरिङको भागमा क्षति। | ० | ० | ० | प्र.चौ.नयागाउँको टोली र दमकलको सहयोगमा आगो नियन्त्रण। |
| **जम्मा संख्या** | | **८३** | **४८** | **३** | **२** | |

❖ *नोटः असोज १४ गते विहान १०:०० बजे देखि १५ असोज विहान १०:०० बजेसम्म*

## दैनिक वर्षा (Daily Precipitation) को सारांश:

असोज १४ गते बिहान ०८:४५ बजे देखि असोज १५ गते बिहान ०८:४५ बजे सम्मको वर्षा

आज मिति २०८१/०६/१५ गते बिहान ०८:४५ बजे २२५ वटा वर्षा मापन केन्द्रहरु (मानव सञ्चालितः ५९ र स्वचालितः १६६) मा मापन गरिएको गत २४ घण्टाको वर्षाको विवरण अनुसार ४५ वटा केन्द्रहरुमा वर्षा भएको छ (नक्सा १)। उक्त केन्द्रहरु मध्ये सबैभन्दा बढी वर्षा सिन्धुली जिल्लाको सिन्धुलीमाढी केन्द्रमा (४०.५ मि.मि.) भएको छ।




नक्सा १: असोज १४ गते बिहान ०८:४५ बजे देखि असोज १५ गते बिहान ०८:४५ बजे सम्मको २४ घण्टाको वर्षा (मि.मि.)

## दैनिक न्यूनतम तापक्रम (Daily Minimum Temperature) र अधिकतम तापक्रम (Daily Maximum Temperature) को सारांशः




नक्सा २: असोज १४ गते बिहान ०८:४५ बजे देखि असोज १५ गते बिहान ०८:४५ बजे सम्मको २४ घण्टाको न्यूनतम तापक्रम (डिग्री सेल्सियस)




नक्सा ३: असोज १३ गते साँझ ०५:४५ बजे देखि असोज १४ गते साँझ ०५:४५ बजे सम्मको २४ घण्टाको अधिकतम तापक्रम (डिग्री सेल्सियस)

तालिका १: ५० मि.मि., १०० मि.मि. र २०० मि.मि. भन्दा बढी वर्षा मापन गरिएका जिल्लाहरुको विवरण।

| ५० मि.मि. भन्दा बढी वर्षा मापन गरिएका जिल्लाहरु | १०० मि.मि. भन्दा बढी वर्षा मापन गरिएका जिल्लाहरु | २०० मि.मि. भन्दा बढी वर्षा मापन गरिएका जिल्लाहरु |
|---|---|---|
| - | - | - |

तालिका २: २०८१/०६/१५ गते बिहान ०८:४५ बजे मापन गरिएको गत २४ घण्टाको न्यूनतम तापक्रम र २०८१/०६/१४ गते साँझ ०५:४५ बजे मापन गरिएको गत २४ घण्टाको अधिकतम तापक्रमको विवरण।

| तापक्रम (डि.से.) | न्यूनतम तापक्रम (केन्द्र संख्या) | अधिकतम तापक्रम (केन्द्र संख्या) |
|---|---|---|
| १० देखि १५ | ५ | ० |
| १५ देखि २० | २९ | १ |
| २० देखि २५ | ३० | १३ |
| २५ देखि ३० | २१ | २८ |
| ३० देखि ३५ | ० | ४५ |
| ३५ देखि ४० | ० | ३ |
| जम्मा केन्द्र संख्या (वटा) | ८५ | ९० |
| सबैभन्दा बढी/केन्द्र,जिल्ला | २७.० डि.से/मनुस्मारा, सर्लाही | ३८.० डि.से/नेपालगंज (क्षेत्रिय कार्यालय), बाँके |
| सबैभन्दा कम/केन्द्र,जिल्ला | १०.२ डि.से./लुक्ला विमानस्थल, सोलुखुम्बु | १९.९ डि.से./लुक्ला विमानस्थल, सोलुखुम्बु |

**नोटः**
डि.से. = डिग्री सेल्सियस, मि.मि. = मिलिमिटर
डाटाबेसमा प्राप्त हुने तथ्याङ्कको आधारमा दैनिक रिपोर्टमा प्रयोग हुने केन्द्रको संख्या फरक पर्न सक्नेछ।

**विपद्का घटना सम्बन्धी सूचना र सन्देशका लागि** www.twitter.com/ndrrma_Nepal र www.facebook.com/ndrrma/videos र www.youtube.com/NDRRMA **मा जानुहोस्।**